३५औं कार्यपालिका बैठक २०८१।२।३० गते

प्रस्ताव नं. १ नगरसभाको तयारी र आगामी बजेट विनियोजन सम्बन्धमा।

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकाको पन्ध्रौ (१५ औं) नगरसभा अधिवेशन मिति २०८१।०३।०९ गते विहान ११:०० वजे टीकापुर बहुप्राविधिक शिक्षालय वडा नं.५ को सभा हलमा वस्ने गरी नगरसभा अधिवेशन आव्हान गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ बहुवर्षिय आयोजना सम्बन्धमा ।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा निम्न अनुसारका आयोजनाहरु बहुवर्षिय आयोजनाका रुपमा कायम गरि कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

१. टीकापुर ७ सत्ती स्थित कबर्डहल ।
२. टीकापुर १ स्थित कबर्डहल ।
३. टीकापुर वार्ड नं ५ विश्वनाथधाम हनुमान मन्दिर निर्माण ।

प्रस्ताव नं. ३ आयोजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा आगामी नगर सभाबाट अनुमोदन तथा समर्थन हुने गरी क्षेत्रगत आयोजना तथा कार्यक्रमहरुको प्रगति समिक्षाको आधारमा तपसिल बमोजिम आयोजना तथा कार्यक्रमहरुलाई संशोधन गर्ने र कार्यान्वयन गर्ने निर्णय गरियो।

तपसिलः

| क्र. स. | साविक आयोजना तथा कार्यक्रम | साविक विनियोजित रकम रु. | क्र. स. | संशोधित आयोजना तथा कार्यक्रम | आयोजना स्थल | विनियोजन रकम | कै |
|---|---|---|---|---|---|---|---|
| १ | मालिका महिला उद्यमी कम्पनी टीकापुरद्धारा मस्यौरा सिन्की गुन्द्रुक अचार चिप्स लगायत तालिम संचालन | २०००००।- | १ | ईलेक्ट्रीक रोटरी रोष्टर मेशीन, उल्भराइजर मेशीन, ग्रान्डर मेशीन खरिद | टीकापुर-१ | २०००००।- | |
| २ | ८०/२० प्रतिशत लागत सहभागीतामा सयपत्री महिला कृषक समुह विजयनगरलाई अदुवा खेती विस्तार कार्यक्रम | १०००००।- | २ | सामुदायीक विधालयका शिशु कक्षा र १ कक्षाका विधार्थीका लागी हाउस ड्रेस वितरण कार्यक्रम | टीकापुर-२, बिजयनगर | १०००००।- | |
| ३. | जेष्ठ नागरिक प्रतिक्षालय निर्माण | १०००००।- | ३ | शिवमन्दिर परिसरमा पक्की शौचालय र वाथरुम निर्माण | टीकापुर-१ ब्लक नं.१६ | १०००००।- | |
| ४ | महिला हिंसा न्युनीकरण तथा महिलाहरुका लागी अत्मरक्षा तालिम | १५००००।- | ४ | अपेरो ट्रेड एण्ड सप्लायर्स देखि पश्चिम कालो पत्रे सडक सम्मको सडक र देउराली भञ्ज्याङ्ग सहकारी संस्थाको परिसरमा माटो पटानी | टीकापुर-१ ब्लक नं.११ | १५००००।- | |

प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | बडघर घर निर्माण वडा नं.६ | ४५०००००।- | ५ | बडघर घर निर्माण | वडा नं.५ | ४५०००००।- | |
| ६ | सुरज धामीको घरदेखि राम धामीको घर सम्म माटो पटानी सहित ग्राभेल | १०००००।- | ६ | राजकुमार चौधरीको घर देखि बिक्रम धामीको घर सम्मको बाटो मसिनो ग्राभेल | टीकापुर-९ | १०००००।- | |
| ७ | वडा नं.७ का विभिन्न सडक र झरनहरुमा सिमाकंनका लागी ईन्धन | १०००००।- | ७ | डाडावोझीझरन, बेलुवा झरन तथा वैदीको वाटो खन्ने काम | टीकापुर-७ | १०००००।- | |
| ८ | अपाङ्गता भएका व्यक्तिहरुलाई क्षमता अनुसारको तालिम तथा मानसिक रोगका विरामीहरुलाई अभिमुखिकरण तालिम | ७५०००।- | ८ | अपाङ्गता भएका व्यक्तिहरुलाई बाख्रा वितरण कार्यक्रम | टीकापुर-७ | ७५०००।- | |
| ९ | सामुदायीक विधालय सञ्चालन तथा विधालयका निजी शिक्षक कर्मचारी व्यवस्थापन अनुदान | २४६३२५।- | ९ | आधारभुत तह कक्षा ६-८ मा कार्यरत शिक्षण सहयोग अनुदान शिक्षकको तलब | टीकापुर न.पा. | २४६३२५।- | |
| १० | औलो,कालाजार,डेंगु लगायत अन्य सरुवा रक्ग तथा भैपरी आउने विविध कार्यक्रम औलो र स्प्रे गर्ने (स्वास्थ्य शाखा सम्बन्धी) | ३५००००।- | १० | औलो,कालाजार,डेंगु लगायत अन्य सरुवा रक्ग तथा भैपरी आउने विविध कार्यक्रम औलो र स्प्रे गर्ने (स्वास्थ्य शाखा सम्बन्धी) | टीकापुर न.पा. | २४००००।- | |
| | | | ११ | कार्यालय व्यवस्थापन संचालन खर्च (स्वास्थ्य शाखा) | टीकापुर न.पा. | ११००००।- | |
| ११ | घण्टाघर,चिल्ड्रेन पार्क एवं टीकापुर पार्कको दीगो व्यवस्थापन,नगरपालिकाको अन्तरिक आय आर्जन बृद्धी तथा आयआर्जनको सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गर्ने | ५०००००।- | १२ | राजश्व शाखाका लागी सवारी साधन खरिद | टीकापुर न.पा. | ५०००००।- | |
| १२ | उपभोक्ता हित संरक्षणका लागी बजार अनुमगन तथा चेतनामुलक कार्यक्रम | ४०००००।- | १३ | प्रोजेक्टर तथा ल्यापटप खरिद | टीकापुर न.पा. | २५००००।- | |
| | | | १४ | उपभोक्ता हित संरक्षणका लागी बजार अनुमगन तथा चेतनामुलक कार्यक्रम | टीकापुर न.पा. | १५००००।- | |

प्रस्ताव नं. ४ लुना सिस्टम जडान सम्बन्धमा ।

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिति २०८१।०१।११ गते बसेको नगर स्तरीय विपद व्यवस्थापन समितिको सिफारिस बमोजिम टीकापुर नगरपालिकामा आगलागीजन्य घटना दिन प्रतिदिन बढिरहेकोले उक्त आगलागीजन्य विपद न्यूनीकरणका लागि आपतकालिन लुना

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

सिस्टम जडानका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने र उक्त सिस्टम जडानका लागि चाहिने आवश्यक बजेट विपद व्यवस्थापन कोषबाट व्यहोर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ ईसाइ समाज, मुस्लिम समाजको समाधि स्थल तथा विराट पुरुष दर्शन केन्द्र निर्माण सम्बन्धमा ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा खोटेना भुराखानी सामुदायिक बनमा ईसाइ समाज र मुस्लिम समाजको समाधि स्थल निर्माण कार्यका लागि आवश्यक पर्ने जग्गाको लागी उपयुक्त स्थान तोकी दिन खोटेना भुराखानी सामुदायिक वन उपभोक्ता समितिलाई अनुरोध गर्ने र विराट पुरुष दर्शन केन्द्र निर्माण कार्यका लागि आवश्यक पर्ने करिव ५ कट्ठा जग्गा उपलब्ध गराई दिन रानी कर्णाली सामुदायिक बन उपभोक्ता समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ भ्याट दाखिला सम्बन्धमा ।

निर्णय नं. ६ (क) प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको मिति २०७९/३/२४ को च. नं. ४२६४ को पत्रानुसार ठेक्का नं. (TMO/NCB/31/2078/079) टीकापुर बसपार्क संचालन तथा व्यवस्थापन सम्वन्धी ठेक्का अमिक्षा कन्सट्रक्सन, टीकापुर कैलालीले ३ (तीन) वर्षका लागि भ्याट सहित रु.५५,३८,२५५।४३ (पचपन्न लाख अठतिस हजार दुई सय पचपन्न पैसा त्रिचालिस मात्र) कवोल गरी भ्याट सहित दोश्रो किस्ताको तिस प्रतिशतले हुन आउने रु.१६,६१,४७६।६३ (सोह्र लाख एकसठ्ठी हजार चार सय छयातर पैसा त्रिसठ्ठी मात्र) जम्मा गरेकोमा उक्त रकम भ्याट बापत हुन आउने रकम रु.१,९१,१४३।३३ (एक लाख एकानब्बे हजार एक सय त्रिचालिस पैसा तैतिस मात्र) सो फर्मले आन्तरिक राजश्व कार्यालयमा जम्मा गर्नुपर्ने भएको हुँदा उक्त रकम आन्तरिक श्रोतबाट जम्मा गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ (ख) प्रस्ताव नं. ६ माथि छलफल गर्दा टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको ठेक्का नं. (TMO/NCB/04/2079/080) पशु हाटबजारमा पशु चौपाया खरिद तथा विक्रि सम्बन्धी ठेक्का श्री कालिका बिल्डर्स, टीकापुर कैलालीले ३ (तीन) वर्षका लागि भ्याट सहित रु.१,०४,८६,४००।- (एक करोड चार लाख छ्यासी हजार चार सय मात्र) मा रकम कवोल गरेको र मिति २०७९ फाल्गुण ८ गते सम्झौता वमोजिमको भ्याट सहित दोश्रो किस्ता वापत तिस प्रतिशतले हुन आउने रकम रु.३१,४६,०००।- (एक तिस लाख छ्यालिस हजार) यस टीकापुर नगरपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गरेकोले उक्त रकम रकममा भ्याट वापत हुन जाने रकम रु.३,६१,९२९।२० (तिन लाख एकसठ्ठी हजार नौ सय उनान्तिस मात्र) सो फर्मको आन्तरिक राजश्व कार्यालयमा जम्मा गर्नुपर्ने भएको हुँदा उक्त रकम नगरपालिकाको आन्तरिक श्रोतबाट जम्मा गर्ने निर्णय गरियो ।

प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

प्रस्ताव नं. ७ LDCRP स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा टीकापुर नगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना-२०८१ स्वीकृत गर्ने निणर्य गरियो ।

प्रस्ताव नं. ८ विभिन्न नीति तथा रणनीतिहरु स्वीकृत सम्बन्धमा ।

निर्णय नं. ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा निम्नानुसारका नीति तथा तथा रणनीति स्वीकृत गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

क.यस नगरपालिकाको लैंगिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरण नीति, २०८१

ख.टीकापुर नगरपालिकाको स्थानीय आर्थिक विकास योजना र रणनीति, २०८१

प्रस्ताव नं. ९ महा प्रस्थानयान (सव-वाहन) सञ्चालन सम्बन्धमा ।

निर्णय नं. ९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिकाको महा प्रस्थानयान (सव-वाहन) सञ्चालन सम्बन्धमा छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्र सदगत कार्यमा महा प्रस्थानयान (सव-वाहन) प्रयोग भएमा पूर्ण रुपमा नि:शुल्क रुपमा सेवा दिने साथै अन्तिम संस्कारका लागी आफ्नै नगरपालिका क्षेत्र भित्रको स्थान कायम गर्ने एवं अधिक्तम दुरी जानकी गा.पा.को कैलाशेश्वर सामुदायीक वन नजिकको दाहासंस्कार क्षेत्र सम्म जान सकिने र यस नगरपालिका सँग जोडिएका पालिकाहरुमा सेवा दिनु पर्दा प्रति सदगत रु.३०००।- (तिन हजार) सेवा शुल्क लिने गरी व्यवस्था मिलाउने, सद्गत कार्यमा खटिने कर्मचारी/ड्राईभर लाई खाजा तथा खाना बापत यस कार्यालयको सरसफाइ उप-शाखाको सिफारिसमा प्रति सदगत रकम रु.५००।-(पाँच सय) उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. १० सदस्यता शुल्क तथा राहत उपलब्ध गराउने, विधुत विल सम्बन्धमा ।

निर्णय नं. १० प्रस्ताव नं. १० माथि छलफल गर्दा निम्नानुसारका कामका लागी देहाय बमोजिम रकम उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.स. | कार्यक्रम तथा आयोजनाको नाम | रकम | श्रोत | कैफियत |
|---|---|---|---|---|
| १ | विर हस्पिटलवाट लास ल्याउने कार्य | ५००००।- | प्रकोप व्य.कोष | मृतक भिम परियार वडा नं.२ |
| २. | नेपाल नगरपालिका संघ | २०००००।- | विमा तथा नविकरण | सदस्यता शुल्क |
| ३ | विधुत प्राधिकरण टीकापुर | २३२८६१।२० | विधुत महशुल | माशिक सडक वतिको विल |
| ४ | सन्तोष चौधरी टीकापुर-३ | ५००००।- | अन्य सहायता | सिकिस्त विरामी आर्थिक सहयोग |

प्रस्ताव नं. ११ वडघर घर निर्माण स्थल तोक्ने सम्बन्धमा ।

निर्णय नं. ११ प्रस्ताव नं. ११ माथी छलफल गर्दा चालु आ.व. २०८०/०८१ को स्वीकृत कार्यक्रम अनुसार वडा नं. ६ मा वडघर घर निर्माण आयोजना निर्माणका लागि जग्गा उपलव्ध नभएका कारण सो

प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

विनियोजित रकमबाट वडा नं. ५ मा वडघर घर निर्माण गर्ने साथै उक्त भवन निर्माण स्थल एकिन गर्ने सम्बन्धमा वडा नं. ५ वडा कार्यालयको सिफारिसको आधारमा तपसिल बमोजिम बडघर घर निर्माण स्थल एकिन गर्ने र कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | आयोजनाको नाम | आयोजना स्थल | जग्गाको किसिम/ स्वामित्व | कि.नं. | क्षेत्रफल | चार किल्लाको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | बडघर घर निर्माण | टी.न.पा. -५ | सार्वजनिक | १२४ | ०-१-० | पुर्व- कि.नं. १२४ (चलन चल्तिको बाटो) पश्चिम- नाला उत्तर- कि.नं. १२४ (जंगल) दक्षिण- कि.नं. १२४ जंगल (रामकृष्ण थारुले उपभोग गरेको) | साविक मौरनिया गाविस वडा नं. ४ कि.नं.१२४ रामकृष्ण थारुले उपभोग गरेको ऐलानी प्रति जग्गा |

प्रस्ताव नं. १२ "हाम्रो सामाजिक मुल्यमान्यता र नैतिक शिक्षा" स्थानीय पाठ्यक्रम स्विकृत गर्ने सम्बन्धमा ।

निर्णय नं. १२ प्रस्ताव नं. १२ माथी छलफल गर्दा तपसिल बमोजिमका प्रमुख विषयक्षेत्रहरु समावेश गरिएको टीकापुर नगरपालिकाको आधारभुत तह (कक्षा ६-८) को "हाम्रो सामाजिक मुल्यमान्यता र नैतिक शिक्षा" नामक स्थानीय पाठ्यक्रम स्विकृत गर्ने ।

तपसिल

१. हाम्रो समाज र सामाजिक विकास

२. हाम्रा मुल्य मान्यताहरु

३. चरित्र विकास

४. विद्यार्थी सचेतना, कर्तव्य र दायीत्व

५. हाम्रो जीवन पद्धति र विविधता

६. अनुशासन तथा सकारात्मक सोच

७. हाम्रा आर्थिक क्रियाकलाप

प्रस्ताव नं. १३ कभर्डहल निर्माणका लागी रकम सुनिश्चितता सम्बन्धमा ।

निर्णय नं. १३ प्रस्ताव नं. १३ माथि छलफल गर्दा टीकापुर नगरपालिका वडा नं.१ मा कभर्डहल निर्माण कार्यका लागी तेह्रौ नगरसभावाट रु.३९,००,०००।- (उनान्चालिस लाख) विनियोजन गरिएकोमा उक्त कभर्डहल निर्माणका लागी कुल लागत अनुमान रु.५,५१,९४,५०८।- (पाँच करोड एकाउन्न लाख चौरानब्बे हजार पाँच सय आठ रुपैया) तयार हुन आएकोमा बहुवर्षिय योजना अन्तर्गत उरक्त योजना कार्यान्वयन गर्ने र अपुग रकम आगामी आ.व.हरुवाट सुनिश्चितता गर्ने निर्णय गरियो ।

प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

प्रस्ताव नं. १४ जमरापुल-बसपार्क सडकको दाया वाया सौन्दर्यकरण कार्यक्रम रकम सुनिश्चितता सम्बन्धमा ।

निर्णय नं. १४ प्रस्ताव नं. १४ माथि छलफल गर्दा जमरापुल देखि बसपार्क सम्मको दॉया बॉया Green Zone मा (Beautification) सौन्दर्यकरण गर्न फुल विरुवा रोप्ने कार्य तथा रेलिंग निर्माण कार्यका लागी २३औं कार्यपालिकाको बैठकको निर्णय र चौधौं नगरसभावाट अनुमोदन रु.३०,००,०००।- (तिस लाख) विनियोजन गरिएकोमा सौन्दर्यकरण गर्न फुल विरुवा रोप्ने कार्य तथा रेलिंग निर्माणका लागी कुल लागत अनुमान रु.९०,०२,९७४।०३ (नब्बे लाख दुई हजार नौ सय चौहत्तर रुपैया पैसा तीन मात्र) तयार हुन आएकोमा बहुवर्षिय योजना अन्तर्गत उक्त योजना कार्यान्वयन गर्ने र वॉकी रकम आगामी आ.व. वाट सुनिश्चितता गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १५ कर्णाली विश्वनाथ धाम क्षेत्र भित्र हनुमान मन्दिर निर्माण गर्ने सम्वन्धमा ।

निर्णय नं. १५ प्रस्ताव नं. १५ माथी छलफल गर्दा टीकापुर नगरपालिका वडा नं. २ ५ र ७ को क्षेत्र कालभैरव मन्दिर कर्णालेश्वर महादेब मन्दिर र पद्म प्रकाशेश्वर महादेव मन्दिर सत्ती क्षेत्रलाइ केन्द्र विन्दु बनाइ कर्णाली विश्वनाथ धाम स्थापना गरिए वमोजिम सोही धामको वडा नं. ५ दौलतपुरघाट नजिक रहेको यस टीकापुर नगरपालिकाको स्वामित्वमा रहेको भगरैया वनको जग्गा क्षेत्रभित्र हनुमान मन्दिर निर्माण गर्न रु. १० लाख वजेट विनियोजन भएकोमा उक्त रकम मन्दिर निर्माणको लागि अपुग हुने भएकोले थप रकम रु. १ करोड ५० लाख आगामी आ.व. को वजेटबाट सुनिश्चित हुने गरी र आगामी नगर सभावाट अनुमोदन हुने गरि वहुवर्षिय ठेक्का प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

मिति २०८१ जेठ ३१ गते बसेको कार्यपालिका बैठक

प्रस्तावहरु:

१. आ.व. २०८१/०८२ को लागि अनुमानित आय  तथा व्यय तथा बजेट तर्जुमा गर्ने सम्बन्धमा ।
२. आ.व. २०८१/०८२ को लागि श्रोत अनुमानको आधारमा बजेटको कुल सीमा निर्धारण गर्ने सम्बन्धमा
३. वडा स्तरिय योजनाहरुको विषयगत क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने सम्बन्धमा ।
४. विषयगत शाखाहरुलाई योजना तथा कार्यक्रम संचालन गर्न विषयगत क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने सम्बन्धमा ।
५. एक वडा एक गौरवका योजनाको बजेट सिमा निर्धारण गर्ने सम्बन्धमा ।

**निर्णय नं १ :** प्रस्ताव नं १ र २ उपर छलफल गर्दा यस न पा राजश्व परामर्श समितिको मिति २०८० पुष १३ को निर्णय सिफारिसको आधार,संघिय सरकारबाट प्राप्त हुने शसर्त तथा निशर्त अनुदान,राजस्व बांडफांडबाट प्राप्त हुने आय ,ऋण तथा अनुदान सहयोगसहयोगको आधारमा चालु आ.व २०८१/०८२ को कुल बजेट सीमा देहाय निम्नानुसार तय गरीयो ।

तपशिल:

| आ व २०८१/०८२ राजश्व तथा अनुदान प्राप्तिकोअनुमान | | | |
|---|---|---|---|
| क्र स | श्रोत | रकम | कैफियत |
| १.० | **संघ सरकारबाट प्राप्त अनुदान** | | |
| १.१ | वित्तीय समानीकरण अनुदान | १८६२००००० | |
| १.२ | सशर्त अनुदान(चालू) | ३१०८७८००० | केन्द्रबाट कार्यक्रम बांडफांड भैसकेको |
| १.३ | सशर्त अनुदान(पूँजिगत) | २१४०००००० | केन्द्रबाट कार्यक्रम बांडफांड भैसकेको |
| १.३ | राजश्व बाँडफाँड | १४९२२३७८९ | |
| १.४ | विशेष अनुदान | ३०००००००० | केन्द्रबाट कार्यक्रम छनौट भैसकेको |
| १.५ | समपुरक अनुदान | ० | केन्द्रबाट कार्यक्रम छनौट भैसकेको |
| १.६ | राष्ट्रिय वनबाट प्राप्त हुने रोयल्टी | ७७६२११ | |
| २.० | प्रदेश सरकार बाट अनुदान: | | |
| २.१ | वित्तीय समानीकरण अनुदान | १७९९९००० | |

प्रमाणित

| | | | |
|---|---|---|---|
| २.२ | राजश्व बांडफांड | ९७४६००० | |
| २.३ | प्रदेशसमपुरक अनुदान | ७५००००० | प्रदेशबाट कार्यक्रम छनौट भैसकेको |
| २.४ | प्रदेश शर्शत अनुदान | ३८८५००० | प्रदेशबाट कार्यक्रम छनौट भैसकेको |
| २.४ | प्रदेशविशेष अनुदान | ४०००००० | प्रदेशबाट कार्यक्रम छनौट भैसकेको |
| ३.० | आन्तरिक स्रोत | | |
| ३.१ | आन्तरिक राजश्व | ७५३०२००० | |
| ३.२ | मालपोत रजिस्ट्रेशन शुल्क | ३७५००००० | |
| | कुल जम्मा रु. | ८५४४१०००० | |

**निर्णय नं २ :** प्रस्ताव नं २ उपर छलफल गर्दा श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको मिति २०८१ जेष्ठ ३० गतेको निर्णय सिफारिसको निर्णय बमोजिम आगामी आ.व. २०८१/०८२ को लागि तपशिल बमोजिमको संचित कोष बाट विनियोजन हुने बजेट सिमा निर्धारण गर्ने निर्णय गरियो ।

तपशिल :

| आ व २०८१/८२ राजश्व तथा अनुदान प्राप्तिको अनुमान | | | |
|---|---|---|---|
| क्र स | श्रोत | रकम | कैफियत |
| १.० | **संघको ससर्त अनुदान बाट संचालन हुने कार्यक्रमहरुको बजेट** | ३३६१६३००० | |
| २.० | केन्द्र र वडा कार्यालयका लागि कार्यालय संचालन तथा प्रशासनिक खर्च | १६००००००० | |
| ३.० | संघ, प्रदेश वा अन्य निकायबाट प्राप्त हुने समपुरक अनुदान तथा अन्य साझेदारीकायोजना तथा कार्यक्रम हरुमा लागत साझेदारी | २६०००००० | |
| ४.० | नगरस्तरीययोजना नीति तथा कार्यक्रममा समावेशभएका , निरन्तरता दिनुपर्ने योजना र बहुबर्षीय योजना | १११७०९००० | |
| ५.० | वडा स्तरीय कार्यक्रम (९ वटै वडाका लागि तोकिएको सीमाका आधारमा विनियोजित बजेट) | ६००००००० | |
| ६.० | विशेष अनुदानको योजना | ३४०००००० | |

प्रमाणित

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ७.० | समपुरक अनुदानको योजना | ७५०००००० | |
| ८.० | बिषयगत कार्यक्रम(शाखा,उप शाखाको लागि तोकिएको सीमाका आधारमा विनियोजित बजेट | २५००००००० | |
| ९. | नगर स्तरिय पुँजिगत बजेट | ६०३८०००० | |
| १० | नगर गौरव आयोजना एक वडा एक सडक | ८८०००००० | |
| | कुल जम्मा रु. | ८५४४१०००० | |

**निर्णय नं ३ :** प्रस्ताव नं ३ उपर छलफल गर्दा सबै क्षेत्रहरुलाई बजेट विनियोजनमा समेटनको लागि तपशिल बमोजिमको वडा स्तरीय योजनाहरुको बिषयगत क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने निर्णय गरियो ।

तपशिल :

वडानं १ देखि ९ सम्म

वडा स्तरीय योजनाको विषय गत क्षेत्रहरुको बजेटको सीमा : छ करोड

| सि न | विषयगत क्षेत्रहरु | भार प्रतिशत | कुल रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | पुर्वाधारविकास क्षेत्र | ५४ | ३२४००००० | |
| २ | आर्थिक विकास क्षेत्र | २० | १२०००००० | |
| ३ | सामाजिक विकास क्षेत्र | २० | १२०००००० | |
| ४ | वातावरण तथा विपत व्यवस्थापन क्षेत्र | ३ | १८००००० | |
| ५ | संस्थागत विकास , सेवा प्रवाह र सुशासन क्षेत्र | ३ | १८००००० | |
| | जम्मा रु. | १०० | ६००००००० | |

**निर्णय नं ४ :** प्रस्ताव नं ४ उपर छलफल गर्दा सबै क्षेत्रहरुलाई बजेट विनियोजनमा समेटनको लागि तपशिल बमोजिमको विषयगत शाखाहरुलाई योजना तथा कार्यक्रम संचालन गर्न विषयगत क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने निर्णय गरियो ।

तपशिल:

आव २०८१/८२ मा विषयगत/शाखा/उपशाखा/एकाईहरु मार्फत संचालनहुने कार्यक्रमका लागि निर्धारण वार्षिक बजेटकोसीमा

| क्र स | श्रोत | रकम | कैफियत |
|---|---|---|---|
| १.० | शिक्षा,युवातथा खेलकुद | २५ लाख | |

| | | | |
|---|---|---|---|
| २.० | स्वास्थ्य सेवा | ४५ लाख | |
| ३.० | कृषिसेवा | २० लाख | |
| ४.० | पशु सेवा | १५ लाख | |
| ५.० | महिला बालबालिका तथा जेष्ठनागरिक | २० लाख | |
| ६.० | कानुन | ५ लाख | |
| ७.० | टीकापुरबंगाला पार्क | २० लाख | |
| ८.० | आयुर्वेद औषधालय | ५ लाख | |
| ९.० | राजश्व | १० लाख | |
| १०.० | फोहरमैला व्यवस्थापन तथा वातावरण | १० लाख | |
| ११.० | सूचना प्रविधि तथा संचार | ५ लाख | |
| १२.० | सहकारी,उधमशीलता, विकास र उपभोक्ता हित संरक्षण | १० लाख | |
| १३.० | संस्थागत सुशासन | १० लाख | |
| १५.० | सामाजिक सुरक्षा तथा पन्जिकरण | ५ लाख | |
| १६.० | पूर्वाधार विकाश शाखा | ५ लाख | |
| १७ | भुमिहन | १५ लाख | |
| १८ | गै स स | २० लाख | |
| १९ | विपद | ५ लाख | |
| | कुल जम्मा रु. | २ करोड ५० लाख | |

**निर्णय नं ५** : प्रस्ताव नं ५ उपर छलफल गर्दा सबै क्षेत्रहरुलाई बजेट विनियोजनमा समेटनको लागि तपशिल बमोजिमको एक वडा एक गौरव आयोजाहरुलाई योजना तथा कार्यक्रम संचालन गर्न विषयगत क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने निर्णय गरियो ।

तपशिल:

| आव २०८१/८२ मा एक वडा एक गौरव मार्फत संचालनहुने कार्यक्रमका लागि निर्धारण वार्षिक बजेटकोसीमा | | | |
|---|---|---|---|
| क्र स | श्रोत | रकम | कैफियत |
| १.० | वडा नं १ को एक वडा एक गौरव | १ करोड ६० लाख | नगरसभाबाट वडा नं १ लाई ४ वटा वडा रहने गरि प्रस्तावित भएकोले |
| २.० | वडा नं २ देखि ९ सम्म को एक वडा एक गौरव आयोजना | ७ करोड २० लाख | प्रत्येक वडालाई ९० लाखका दरले |
| जम्मा | | ८ करोड ८० लाख | |

प्रमाणित

Scanned with CamScanner